बैठक संख्याः १६५/०१/२०८१/०८२
मिति :२०८१/०४/३१
समय : दिनको ११ . बजे

आज मिति २०८१/०४/३१ गते बिहिबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| १. श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. श्री कल्पना कुमारी जोशी पन्तः नगर उप-प्रमुख | सदस्य |
| ३. श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. श्री चक्र बहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. श्री सुर्जा बि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. श्री गणेश बिकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. श्री खेमराज बिष्ट – प्रमुख प्रशासकीय अधिकृत सदस्य | सदस्य सचिव |

लक्ष्मी

अन्य उपस्थिती

श्री जय सिंह भण्डारी - वडा नं. १२ का वा अध्यक्ष
राम बहादुर वस्नेत ,, ,, १० ,, ,, ,,

Scanned with CamScanner

मिति २०८१/०४/३१ गते

१६५ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १: १६४ औ कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २ : चालु आ. व. २०८१/८२ मा यस नगरपालिकामा तराई मधेश समृद्धि कार्यक्रम, झोलुङ्गे पूल क्षेत्रगत कार्यक्रम र संघ समपूरक अनुदान अन्तरगत संचालन हुने देहायका योजनाहरुमा देहाय वमोजिमको रकम यस नगरपालिकाको समपूरक कोषबाट साझेदारी गर्ने ।

देहायः

| सि. नं | योजनाको नाम | स्वीकृत अनुदानरू. | साझेदारी रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | झलारी स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १० | २५ लाख | १०,७१,४२८.५७ | तराई मधेस समृद्धि कार्यक्रम- ३० % साझेदारी |
| २ | वडा नं. ५ मा सामुदायिक भवन निर्माण पल्लफाटा | २५ लाख | १०,७१,४२८.५७ | |
| ३ | वडा नं. ७ मा सामुदायिक भवन निर्माण | २५ लाख | १०,७१,४२८.५७ | |
| ४ | शिवशक्ति मा. वि. शौचालय निर्माण शुक्लाफाँटा- ६ | २५ लाख | १०,७१,४२८.५७ | |
| ५ | बैजनाथ आ. वि. भवन निर्माण शुक्लाफाँटा-८ | ३५ लाख | १५,००,००० | |
| ६ | स्याली नदी तटबन्धन शुक्लाफाँटा-५ | ३५ लाख | १५,००,००० | |
| ७ | प्रधान घाट पूल | ७१,३५,७०८.३८ | ९,२७,६४२.०९ | झोलुङ्गेपूल क्षेत्रगत कार्यक्रम- १३% साझेदारी |
| ८ | सुनवरा नदी झो. पू | १,०४,९४,६४४.९२ | १३,६४,३०३.८४ | |
| ९ | कालागौडी वडा नं. १२ देखि बन्समिति वडा नं. ६ सम्म नगर चक्रपथ कालोपत्रे (खण्ड १) | १ करोड ५० लाख | १ करोड ५० लाख | संघ समपुरक अनुदान ५० % साझेदारी |

निर्णय नं. ३: चालु आ. व. २०८१/८२ मा यस नगरपालिका अन्तगतकवाड संकलन करको न्यूनतम कवोल अंक रू १३,००,०००।– मु. अ. कर वाहेककायम गरी पुनः

Scanned with CamScanner

आन्तरिक आयको ठेक्का आह्वान गर्ने र पशु चौपाया निकासी पैठारी करको न्यूनतम कबोल अंक रू ६०,०००।- मु. अ. कर बाहेक कायम गरि आन्तरिक आयको ठेक्का आह्वान गर्ने।

**निर्णय नं. ४**:चालु आ. व. २०८१/०८२ मा तराई मधेस समृद्धि कार्यक्रम अन्तरगत कार्यान्वयन हुने देहायका योजनाहरु संचालनका लागि तपसिल बमोजिमका स्थानहरु छनौट गर्ने ।

तपसिल:

| सि. नं. | योजनाको नाम | योजना संचालनको स्थान | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ७ मा सामुदायिक भवन निर्माण | वडा कार्यालय परिसर भित्र | |

**निर्णय नं. ५**: आ. व. २०८१/८२ का लागि तराई मधेस समृद्धि कार्यक्रमबाट विद्यालय स्वीकृत योजना शिवशक्ति मा. वि. शौचालय निर्माण शुनपा-६ भएकोमा सो विद्यालय शुनपा १२ मा अवस्थित रहेकोले उक्त योजनाको नाम सच्याई शिवशक्ति मा. वि. शौचालय निर्माण शुनपा-१२ कायम गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई मधेस समृद्धी कार्यक्रमलाई पत्राचार गर्ने ।

**निर्णय नं. ६**: आ. व. २०८१/८२ का लागि तराई मधेस समृद्धि कार्यक्रमबाट स्वीकृत योजना वडा नं. ५ सामुदायिक भवन निर्माण पल्लाफाँटा (रू. ३५ लाख) योजना दोहोरो पर्न गएकोले वडा कार्यालयको सिफारिस अनुसार उक्त योजनाको नाम परिवर्तन गरी वडा नं. ५ शिवशंकर मा. वि देखि गर्जमुनी पल्लाफाँटा सडक निर्माण कायम गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई मधेस समृद्धी कार्यक्रमलाई पत्राचार गर्ने ।

**निर्णय नं. ७**: हाई मास्ट लाईट र वडा नं. १० को कभर्ड हलमा थ्रि फेज लाईन र मिटर जडान गर्नको लागि नेपाल विद्युत प्राधिकरण महेन्द्रनगरलाई सिफारिस गर्ने ।

**निर्णय नं. ८**: वडा नं. १० को कभर्डहल नजिक नदी कटान नियन्त्रणको लागि जैविक तटबन्ध गर्ने ।

**निर्णय नं. ९** ;आ. व. २०८१/०८२ मा गौडी खोला र अनौखि खोलाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन अध्यावधिक गर्ने ।

Scanned with CamScanner CamScanner

**निर्णय नं. १०:** यस नगरपालिका अन्तरगत संचालित तपसिलमा उल्लेखित विद्यालयहरुलाई शैक्षिक सुधार गर्न देहाय अनुसारको रकम अनुदानमा प्रदान गर्ने ।

१) सिद्धबैजनाथ मा. वि. कमाद- रु. ५०,०००।-

२) कृष्ण मा. वि. झलारी- रु. ७०,०००।-

**निर्णय नं. ११:** यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा स्थायी शिक्षक प्रधानाध्यापक हुने गरी व्यवस्थापन गरिएकोमा केही विद्यालयहरुमा हाल सम्म पनि स्थायी वरिष्ठ शिक्षकलाई प्र. अ. तोकिएको नदेखिएकाले अविलम्ब प्र. अ. तोक्न निर्देशन गर्ने र निर्देशन अटेरी गर्ने निकाय वा पदाधिकारीलाई नियमानुसार कारवाही समेत गर्ने ।

**निर्णय नं. १२:** यस नगरपालिकाको समुदायिक विद्यालयहरुमा स्थायी शिक्षक प्रधानाध्यापक व्यवस्थापन गर्दा केही विद्यालयहरुले विज्ञापन गरेका रिक्त पदहरुमा उम्मेदवारी परेका उम्मेदवारहरुका काम सम्पन्न हुन बाकी फाईलहरु मिलान गरिएका विद्यालयहरुमा छनौट सम्बन्धि बाकी प्रकृयाको दायित्व हस्तान्तरण गरिएकोमा केही शिक्षक पदहरुमा न्यून संख्यामा निवेदन परेकाले थप म्याद दिई आवश्यकता र औचित्यको आधारमा सम्बन्धित विद्यालयले काम कारवाही गर्न सक्ने व्यहोरा जानकारी गराउने ।

**निर्णय नं. १३:** शुक्लाफाँटा नगरपालिका अन्तगत रहेका नाला, तथा खोल्साहरुको क्षेत्र सिमाङ्कन गरी पानी निकास तथा डुवान नियन्त्रणका लागि आवश्यक योजना तयार गर्ने ।

**निर्णय नं. १४:** यस नगरपालिका अन्तरगत रहेका सम्पूर्ण सार्वजनिक जमिनको सिमाङ्कन गरी लगत कायम गर्ने र सो मध्ये अतिक्रमणको जोखिममा रहेका क्षेत्रको संरक्षणको लागि वडा समिति तथा नगर प्रहरीलाई परिचालन गर्ने ।

**निर्णय नं. १५:** यस नगरपालिका अन्तरगत रहेका सबै सडकहरुकोअधिकारक्षेत्र नक्साङ्कन गर्ने र सोको संरक्षणको लागि सम्बन्धित वडा समितिलाई जिम्मेवारी दिने ।

**निर्णय नं. १६:** शुक्लाफाँटा नगरपालिका वडा नं. १० मा रहेको श्री कृष्ण माध्यमिक विद्यालयको हकमा विद्यालय व्यबस्थापन समितिका अध्यक्ष लाल बहादुर सिंहले बिपक्षी जिल्ला कंचनपुर शुक्लाफाँटा नगरपालिकाको कार्यालय-१, जिल्ला कंचनपुर शुक्लाफाँटा नगर कार्यपालिका- १, ऐ का नगर प्रमुख -१. ऐ का प्रमुख प्रशासकीय अधिकृत-१, ऐ नगरपालिकाको नगर शिक्षा समिति-१, ऐ. नगरपालिकाको शिक्षा शाखा प्रमुख भएको सम्मानीत उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा चलिरहेको रिट नं. ०८१-WO-

Scanned with CamScanner

०००१ मुद्दामा अन्तिम फैसला नभएसम्म सम्मानीत उच्च अदालतमा तोकी पाउने तारेखमा उपस्थित हुन, लिखित कागजातहरूको प्रतिलिपी लिन, निवेदनहरु पेश गर्न तथा वारेस राख्न समेत पाउने गरि यस कार्यालयका अधिकृत श्री टिकेन्द्र राज भट्ट लाई अख्तियारी दिने सम्बन्धमा शुक्लाफाँटा नगरपालिकाको मिति २०८१/०४/१६ गतेको निर्णय अनुमोदन/स्वीकृत गर्ने तथा निजलाई नै सो मुद्दा सम्बन्धी कार्यालयको तर्फबाट सम्पूर्ण कार्य गर्न पुनः अख्तियारी दिने र उक्त मुद्दाको लागि सम्मानीत अदालतमा लिखित जवाफ मस्यौदा गर्न, तथा उक्त मुद्दामा बहस पैरवि गर्न वरिष्ठ अधिवक्ता श्री राजेन्द्र बहादुर साउद लाई नियुक्त गर्ने निर्णय गरियो।

Scanned with CamScanner